August 2013

# TODAY

(Newsletter of EURASIA REIYUKAI)

बर्ष-१ अंक-२



सन् २०१३ नोभेम्बर १८ तारिख महागुरु काकुतारो कुबोज्यूको ७०औं पुण्यतिथि स्मरण समारोहमा मिचिविकीको पुण्यफल र परिणाम लिई सहभागी बनौं।

## आजको आव्हान

- भोलिलाई होईन, जे सक्नुहुन्छ आजै गर्नुहोस् ।
- यदि माफ गर्नुपर्छ भने आजै माफ गर्नुहोस् ।
- भोलिको लागि होईन, आजको लागि बाँच्नुहोस् ।
- यदि कुनैचिज सिर्जना गर्नु छ भने आजै सिर्जना गर्नुहोस् ।
- यदि कसैलाई दया गर्नु छ भने आजै दया गर्नुहोस् ।
- आजको आफु बन्नु होस्।

## यूराशिया रेयूकाई काठमाडौं संस्कृति केन्द्रको हस्तकला कक्षा समुद्घाटन





सन् २०१३ जुलाई २१ तारिखका दिन यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यूको समुपस्थितिमा हाम्री मुमा हिरोको मासुनागाज्यूको बाहुलीबाट यूराशिया रेयूकाई काठमाडौं संस्कृति केन्द्रमा हस्तकला कक्षा उद्घाटन गर्नुभयो ।

उक्त समारोहमा संस्थापक अध्यक्षज्यूले यो हस्तकला कक्षा सिक्ने थलो हो, सिकेको कुरा सिकाउँदै जाने भन्ने कुरा महत्वपूर्ण छ । रेयूकाईमा सिक्ने भावना भन्ने छ। थाहा नपाएको कुराहरु भनिदिदैन, सिकाई दिदैन भन्ने नभईकन आफ्नो तर्फबाट यो के हो ? भनेर सोध्ने, सिक्ने थलो हो । महिलाहरुको उदाहरण यस थलो बाट निर्माण गर्ने हो । यहि कुराले नेपाल देशलाई परिवर्तन पनि गर्न सक्छ। यस थलोमा सामान किन्ने बेच्ने होईन, बनाएको सामान किन्न चाहन्छ भन्नेलाई मात्र दिने हो । बनाउनु भन्ने कुरा केहीपनि नभएको ठाउँबाट बनाउने हो। दिमागलाई र औंलालाई पनि क्रियाशिल गर्ने मुख्य कुरा हो। मिलेर अरुलाई प्रशंसा गरेर कार्यान्वयन गरौं ।

उक्त समारोहमा हाम्री मुमा हिरोको मासुनागाज्यूले तालिममा प्रयोग गर्ने सियो, पिनहरु, कैंचीहरु आदि चिजहरु पटक पटक प्रयोग गर्ने भएको हुनाले अवश्यपनि तपाईंहरुले धेरैनै सचेत हुनु पर्छ। कतै झरेको छ कि ? भनेर खाली खुट्टाले कुल्चियो भने समस्या हुन्छ त्यहि भएर अन्तिममा राम्रोसँग चेक गर्नुपर्छ। अवश्य प्रयोग गरिसकेपछि राम्रोसँग सफा गर्ने। प्रयोग गरेका सरसामानहरु अवश्य व्यवस्थित गरेर राख्नुपर्छ भनेर मार्गनिर्देशन दिनुभयो। उक्त अवसरमा मुमाज्यूबाट ८ जना प्रशिक्षार्थीहरुलाई प्रशिक्षकको तालिम प्रदान गर्नुभएको थियो।

## यूराशिया रेयूकाई सिलिगुडी संस्कृति केन्द्रको हस्तकला कक्षा शुभारम्भ





सन् २०१३ जुलाई ११ तारिखका दिन यूराशिया रेयूकाई सिलिगुडी संस्कृति केन्द्रमा महिलाहरुको लागि हस्तकला कक्षाको शुभारम्भ हाम्री मुमा हिरोको मासुनागाज्यूको वाहुलीबाट विधिवत् सम्पन्न भयो । उक्त अवसरमा मुमाज्यूबाट ७ जना महिला प्रशिक्षार्थीहरुलाई तालिम प्रदान गर्नुभएको थियो । उक्त अवसरमा मुमाज्यूले यस तालिमको माध्यमबाट सिलिगुडी संस्कृति केन्द्रमा अत्यधिक महिलाहरुलाई आउने वातावरण बनाई तालिम मार्फत आत्मनिर्भर बन्नुका साथै आफ्नो प्रतिभालाई पनि विकसित गरी आय आर्जन गर्ने स्थिति बनाउन प्रेरणादायी मार्गनिर्देशन प्रदान गर्नुभएको थियो ।

## यूराशिया रेयूकाई लोगो सम्बन्धमा संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशन

अहिले सम्म रातो मार्क मात्र थियो। त्यो अन्तरआत्माको विकासको मार्क हो। अन्तरआत्मा भनेको आत्माको परिवर्तन हो। आफ्नो भावनात्मक स्थिति, विभिन्न आफ्नो कर्मको सम्बन्ध भन्ने कुरा परिवर्तन गर्दै जाने त्यस्तो संस्था हो भन्ने कुरा हुन आउछ।

विभिन्न कमलको फूल (लोटस) मध्येको एउटा सेतो कमलको फूल छानेको हो। सफा ठाउंमा कमलको फूल फुल्दैन। हिलोमा फुल्ने हो। फोहोर संसार भित्रबाट आफूले बोकेको चरित्रलाई हटाउन पर्छ। अहिलेको मानव समाजमा मानव समाज मात्र नभई, जनावरको समाज, पृथ्वी नै फोहर मैला भएको समाजको रुपमा रहेको छ। त्यस्तो किसिमको स्थितिबाट कमलको फुल फुल्ने हो। हिलोमा नरंगिने किसिमले गर्नु पर्छ।

नाम्–म्योहोरेङ्गे–क्यो को रेङ्गे कमलको फूल (लोटस) हो। म्योहो को म्यो भनेको आँखाले नदेख्ने र हो भनेको आँखाले देख्ने संसार हो। दुवै संसार भएर त्यसमा लोटस छ। हिलो भएकोले त्यसलाई नबचाई हुन्न भनेर सुन्दर कमलको फूल फुलेको हो। त्यस्तो किसिमको शिक्षा सद्धर्मपुण्डरिक सुत्र हो। शाक्यमुनी बुद्ध सद्धर्मपुण्डरिक सुत्र देशना गर्न जन्मेर आउनु भयो।

हाम्रो लोगोमा दाँया भागमा कमलको फूलको एउटा पत्र तल झरेको छ। त्यो हात दिई राखेको हो। दाँया हातले आउनुहोस र बांया हातले पूर्ण भएर जानुहोस् भनेको त्यो भनेको मिचिविकी हो। गोलो भाग चाहि यो स्वरुपको बनाउँ भन्ने हो। त्यो भित्र आफू स्वयम् छ भनेर गर्व गर्नुपर्छ।

हामी कोहीपनि सुखी समयमा जन्मेर आएको होइन। यस्तो समयमा जन्मेको प्रति पनि कृतज्ञ हुनु पर्छ। कोही पनि भाग्ने होइन। आफूले बोकेको नराम्रो चरित्रलाई हटाउनु पर्छ।

## भारत उत्तराखण्ड बाढीपीडित राहत संकलन



यूराशिया रेयूकाई सिलिगुडीको प्रधान कार्यालयको नेतृत्वमा भारत देशको उत्तराखण्ड बाढीपीडित राहतको लागि ऱ्यालीको आयोजना गरी रकम संकलन गरियो । भारत अन्तर्गतका विभिन्न संस्कृति केन्द्र, कर्मचारी र यूराशिया रेयुकाईबाट संयुक्त रुपमा भा.रु. १ लाख जलपाइगुरी डिष्ट्रिक मेजेष्टेड श्रीमती स्मारिका महापात्रज्यूलाई हस्तान्तरण गर्नुभयो ।

"हिंड मिलियन" तुरुन्त कार्यान्वयन

# स्थिरमति पहाड (हानासाकियामा) एक परिचय

यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युसुन मासुनागाज्यूको करकमलबाट डिसेम्बर १५, २००१ का दिन हानासाकियामाको समुद्घाटन भएको थियो ।







यो पहाडलाई हानासाकियामाको नामबाट पनि चिनिन्छ। (हानासाकियामा) यो जापानी शब्द हो। यसको अर्थ फूलै फूल फुल्ने पहाड भन्ने बुझिन्छ। सन् २०११ मार्च २३ तारिख देखि यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युसुन मासुनागाज्यूबाट स्थिरमति पहाडको रुपमा नामाकरण गर्नु भयो।जापानको रेयूकाई आठौं शाखाको अनुदानबाट यसको निर्माण कार्य सम्पन्न भएको थियो।

असंख्य व्यक्तिहरुमा आंखाले देख्न नसक्ने दयाका फूलहरु फुलाउँदै विश्वशान्ति निर्माण गर्नको लागि योगदान दिने खालका व्यक्तिहरु निर्माण गर्ने मानवीय शिक्षण स्थलको रुपमा यो स्थिरमति पहाड रहेको छ।

स्थिरमति पहाड नेपालको गण्डकी अंचल कास्की जिल्लाको पुम्दी भुम्दी गाउं विकास समिति वडा नं. ६ मा अवस्थित रहेको छ। पोखरा सुन्दर नगरीबाट पश्चिम तर्फ १५ किलो मिटरमा र ३५०० फिटको उचाईमा अवस्थित रहेको छ । यो स्थिरमति पहाडको उत्तर तर्फ माछापुछ्रे र अन्नपूर्ण हिम श्रृंखला रहेको छ भने पूर्व पट्टिको गहिराईमा फेवाताल र पोखरा शहरको मनोरम दृष्य देख्न सकिन्छ।

# मिलियन अभियानलाई कार्यान्वयन गरेको खुशीको अनुभव



नाम : होजासु सुश्री प्रभा शाक्य
वर्ष : ३२
क्षेत्र : काठमाण्डौं, किलागल

सबैलाई नमस्कार, मिचिविकी ओया श्रीमती बिद्यालक्ष्मी शाक्यको दयाबाट कल्पौकल्पको अबधिमा विरलैमात्र भेट गर्न सकिने महान रेयूकाई शिक्षासंग भेट गर्ने मौका पाई अभ्यासको क्रममा ५० जनाको मिचिविकीको पुण्यफल संचित गर्ने मौका पाई आँखाले नदेख्ने संसारमा रहनु भएका असंख्य पुर्खाहरुको आत्मालाई बचाउने मौका पाउन गोहोम्यो आत्माग्रहण समारोहमा सहभागी हुने मौका पाई आफु पुर्नजन्म भएको महस‍ुस गरी १०० दिनको अभ्यास १०० दिनमा नै पूरा गर्ने मौका पाएं । त्यस पछि आफु लोकहितकारी बोधिसत्वको रुपमा जिम्मेवारी र कर्तब्य पुरा गर्ने मौकालाई संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशन अनुसार आफुले मिचिविकीको पुण्यफल संचित गर्ने मौका पाएका सदस्यहरुको घरमा आफ्नै हातले सोकाईम्यो लेख्ने मौका पाई हिडेर गई सोकाईम्योलाई विराजमान गराई संगसंगै निरन्तर ७ दिनसम्म निलसुत्र चढाउने मौका पाई आध्यामिक संसार प्रतिको म्यानर सिकाउने मौका पाए । पछि त्यस सदस्यले निरन्तर अभ्यास गर्दाको परिणाम उहाँको छोराको पढाईमा राम्रो उन्नती भई उत्कृष्ठ परिक्षाफल प्राप्त भएको खुशीको कुरा सुनाउदा साँच्चै नै आँखाले नदेख्ने संसारबाट संरक्षण पाएर राम्रो परिणाम देखा परेको महसुस गर्ने मौका प्राप्त गरे । त्यस पछि एक जना सदस्यको २२ वर्षको छोरो मोटरसाईकल दुर्घटनामा मृत्यु भएकोले उहाँको आत्माको चिरशान्तिको लागि संगसंगै १० दिनसम्म स‍ुत्रपाठ चढाउने मौका पाउँनुको साथै संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशन अनुसार आर्थिक रुपले गरिव भएता पनि मनलाई धनी बनाउने शिक्षा रेयूकाई शिक्षा हो भन्ने कुरालाई कार्यान्वियन गर्ने मौका पाउँदा साँचै नै छोरो आध्यात्मिक संसारमा खुशी भएको कुरा सपनामा पनि देख्ने मौका पाएको कुरा ब्यक्त गरेको सुन्ने मौका पाउदा मैले आध्यामिक संसार प्रति शतप्रतिशत विश्वास गरि अभ्यासको परिणाम हो कि जस्तो महशुस गर्ने मौका प्राप्त भयो । अभ्यासको क्रममा रेयूकाई सदस्यहरुको लागि पावर प्वाईटको रुपमा रहेको स्थिरमती पहाडमा लिर्डस अभ्यास कार्यक्रममा ओदाईमोकुको शक्ति ग्रहण गरी मनमा असंख्य दयाको फूल फुलाउन मनमा उत्साह एवं आशा लिएर ओदाईमोकुको गितियात्राको लयलाई कार्यान्वियन गर्दै अभ्यास स्थलमा पुगी संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशनलाई ग्रहण गर्ने मौका पाई मन र शरिरलाई सफा गरी ओदाईमोकुको शक्तिलाई ग्रहण गर्ने महान मौका प्राप्त गरे। जन्मदै लिएर आएको कर्मको सम्वन्ध र आफ्नो चरित्रको महसुस गरी आध्यात्मिक संसारबाट शक्ति ग्रहण गरी विश्व शान्ति निर्माण गर्न हिड मिलियन तुरुन्त कार्यान्वयनलाई आफुले कार्यान्वयन गरी सदस्यहरुलाई पनि कार्यान्वयन गराई १८ नोभेम्वर २०१३ मा महागुरु काकुतारो कुबोज्यूको ७०औं पुण्यतिथि समारोहमा सोकाईम्यो स्थापना गरी संगसंगै स‍ुत्रपाठ चढाउने मौका पाएको पुण्यफलको परिणामलाई लिएर सहभागी हुने प्रतिज्ञा गर्दछु ।

धन्यवाद, नमस्कार ।

# विभिन्न देश अनुरुप सम्पन्न क्रियाकलापहरु



सिलाईकटाई तालिम (बंगलादेश)



महिला भेला (धरान)



म्योईचिकाई भेला (म्यानमार)



सरसफाई कार्यक्रम (काठमाण्डौ)



वृक्षारोपण कार्यक्रम, (बुटवल)



रक्तदान कार्यक्रम, (विर्तामोड)



छात्रवृत्ति प्रदान, कालिम्पोङ, (भारत)



एईको मासुनागा आँखा अस्पताल श्रमदान, (बनेपा)